बैठक संख्याः ०६ - ०७८/७९ मितिः २०७८/०९/२९

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ः पिपलनेटा घुल्टुङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. २ः जोहाङ्ग जुनियाँ लिफ्टिङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ३ः लिम्घा खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ४ः हेभि इक्युप्मेन्टको दर भाउ सम्बन्धमा ।

प्रस्ताव नं. ५ः जनता मा.वि. को बस सञ्चालन अनुदान सम्बन्धमा ।

प्रस्ताव नं. ६ः करार कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ को संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ७ः गाउँपालिकाको स्वमूल्याङ्कनको मूल्याङ्कन गरी अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ः करार शिक्षक छनौट कार्यविधि स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ९ः ट्राफिक व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. १०ः पाठ्यपुस्तक लेखन सम्पादन मस्यौदा परामर्शदाता छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ११ः जेनेरेटर खरिद सम्वन्धमा ।

प्रस्ताव नं. १२ः राजश्व सुधार योजना, क्षमता विकास योजना, संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार, श्रोत व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १३ः स्थायी कर्मचारी पदपुर्ती गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ः कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

प्रस्ताव नं. १५ः विविध सम्बन्धमा ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी

निर्णयहरुः

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालयबाट आ.व. २०७७/७८ को संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को पोर्टलमा अपलोड गरेको कागजातबाट ६९.५ अंक प्राप्त भएकोले सो अनुसारको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा जिल्ला ट्राफिक कार्यालयको भवन निर्माण गर्न समन्वय समिति प्रमुखको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार रु.१५००००/- (अक्षररुपी रु एक लाख पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा पाठ्यपुस्तक लेखन सम्पादन, फोटोग्राफ, डिजाइन, छपाई बाहेकको सम्पूर्ण कार्य रंगिन मस्यौदाको हार्डकपि र सफ्टकपि समेतको कर सहित रु. ८०००००/- (अक्षररुपी रु आठ लाख मात्र) मा तीन महिना भित्र कार्य सम्पन्न गर्ने गरी उपयुक्त परामर्शदाता साव नेपाललाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस कार्यालयमा तपसिल अनुसारको पद र तह रिक्त रहेकोले उक्त पदलाई पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा देहाय बमोजिम माग आकृती फाराम भरी पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र सं | पद | सेवा समूह | तह | संख्या |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | स्वास्थ्य | ८ | १ |
| २ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | ६ | १ |
| ३ | शिक्षा अधिकृत | शिक्षा प्रशासन | ६ | १ |
| ४ | कृषि विकास अधिकृत | कृषि | ६ | १ |
| ५ | सहायक पाँचौ | प्रशासन | ५ | ३ |
| ६ | सव ईन्जिनियर | ईन्जिनियरिङ्ग | ५ | २ |
| ७ | सहायक चौथो | प्रशासन | ४ | २ |
| ८ | अशिष्टेन्ट सव ईन्जिनियर | ईन्जिनियरिङ्ग | ४ | २ |
| ९ | सा पा स टे | ईन्जिनियरिङ्ग | ४ | १ |
| १० | ना.प्रा.स | कृषि | ४ | ३ |
| ११ | पशु ना.प्रा.स | कृषि | ४ | ३ |
| १२ | सहायक महिला विकास निरीक्षक | विविध | ४ | १ |
| १३ | हेल्थ अशिष्टेन्ट | स्वास्थ्य | ५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| १४ | स्टाफ नर्स | स्वास्थ्य | ५ | १ |
| १५ | अ हे ब | स्वास्थ्य | ४ | ६ |
| १६ | अ न मि | स्वास्थ्य | ४ | १२ |
| १७ | ल्या अ | स्वास्थ्य | ४ | १ |
| जम्मा | | | | ४६ |

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिका भित्र पनि कोरोनाको उच्च जोखिम रहेकोले सोको नियन्त्रणको लागि देहाय अनुसारका कार्यहरु गर्ने निर्णय गरियो ।

क. कोरोनाको पहिचान गर्न एन्टीजेन परिक्षणको दायरा बढाउने ।

ख. भारत तथा तेस्रो मुलुकबाट आउने व्यक्तिहरुलाई रुरु क्षेत्रको रिडीमा हेल्प डेस्क स्थापना गरी परिक्षण गराउने ब्यबस्था मिलाउन र यस पालिकाका कोरोना संक्रमित व्यक्तिहरुको नामावली संकलन गरी यस पालिकालाई जानकारी गराउन समेत जिल्ला प्रशासन कार्यालय गुल्मीलाई अनुरोध गर्ने निर्णय गरियो ।

ग. कोरोनको उच्च जोखिम रहेकोले सभा जुलुस बैठक सेमिनार गोष्ठी बिवाह तथा अन्य सामाजिक कार्य गर्दा २५ जना भन्दा बढी सहभागी हुन नपाउने निर्णय गरियो ।

घ. एन्टीजेन परिक्षण गर्दा पोजिटिभ भएमा १० दिन अनिवार्य होम क्वारेन्टाइनमा राख्नको लागि म.स्व.से, टोल सुधार समिति, जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरु परिचालित हुने निर्णय गरियो ।

ङ. सार्वजनिक स्थलमा प्रवेश गर्दा वा सेवा लिदा अनिवार्य रुपमा खोप कार्ड देखाएर मात्र सेवा दिने निर्णय गरियो ।

च. मिति २०७८/०९/३० देखि २०७८/१०/५ सम्म विद्यालयको पठन-पाठन बन्द गरी मिति २०७८/१०/०९ गते देखि हुने भनिएको परिक्षा मिति २०७८/१०\०६ गते देखि दुई सिफ्टमा संचालन गर्ने र विद्यालयको प्रशासनिक काम यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं. १५: क. जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डा. शिला ढकाल सरकारी कोटामा अध्ययन विदामा बस्नु भएकोले सो दरबन्दीलाई अन्यत्र स्थानान्तरण गरी उक्त दरबन्दीमा बिज्ञापन गरी करारमा MBBS डाक्टर नियुक्ति गर्ने निर्णय गरियो ।

ख. सामुदायिक स्वास्थ्य इकाई चेहेमीमा रिक्त रहेको कार्यलय सहयोगी पदमा पदपूर्तिको लागि बिज्ञापन गरिएकोमा आवेदन धेरै जनाको परेकोले लिखित तथा अन्तर्वार्ता परिक्षा माध्यमबाट छनोट गर्ने निर्णय गरियो ।

ख. सामुदायिक स्वास्थ्य इकाई चेहेमीमा रिक्त रहेको कार्यलय सहयोगी पदमा पदपूर्तिको लागि विज्ञापन गरिएकोमा धेरै जनाको आवेदन परेकोले लिखित तथा अन्तर्वार्ता परिक्षा माध्यमबाट छनोट गर्ने निर्णय गरियो ।

ग. यस गाउँपालिका वडा नं ५ मा रहेको सत्यवती मा. वि. को १२ कोठे भवन निर्माणको लागि विशेष योजना माग गर्ने निर्णय गरियो।

घ. विविध विषयमा छलफल गर्दा समय अभावका कारण आज सबै प्रस्तावहरु माथी छलफल गर्न नसकिएकोले बाँकी प्रस्तावहरु अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

ङ. स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा ३ बमोजिम एक स्थानीय तह एक खेलकुद ग्राम निर्माण कार्यक्रम अन्तर्गत यस गाउँपालिका वडा नं. ६ खल्लुका रुख स्थित सत्यवती रंगशाला निर्माणको लागि कुल लागतको ५०% रकम लागत सहभागीता जनाउने निर्णय गरियो ।